आज मिति २०७५ साल फाल्गुण २१ गते मंगलबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री **विश्वनाथ निरौला**ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति :**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | (हस्ताक्षर) |
| उपाध्यक्ष | पुष्पकला भुजेल | (हस्ताक्षर) |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | (हस्ताक्षर) |
| सदस्य | सन्तवीर तामाङ | (हस्ताक्षर) |
| सदस्य | राजेशकुमार राजभण्डारी | (हस्ताक्षर) |
| सदस्य | नैनकुमार राई | (हस्ताक्षर) |
| सदस्य | दिलबहादुर राई | (हस्ताक्षर) |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | (हस्ताक्षर) |
| सदस्य | जानुमाया राई | जानुमाया राई |
| सदस्य | छिरिङलमु तामाङ | (हस्ताक्षर) |
| सदस्य | चमेली विश्वकर्मा | (हस्ताक्षर) |
| सदस्य | लक्ष्मी विक | (हस्ताक्षर) |
| सदस्य | खड्गबहादुर राई (नाछिरिङ) | (हस्ताक्षर) |
| सदस्य | देवीचरण रम्तेल | (हस्ताक्षर) |
| सचिव | जीवन निरौला | (हस्ताक्षर) |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| नायब सुब्बा | युवराज फुयल | (हस्ताक्षर) |

निर्णय नं. १. X-रे सञ्चालनार्थ ~~नियुक्तिका~~ लागि कर्मचारी नियुक्ति सम्बन्धमा ।

यस गाउँपालिका स्थीत प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा रहेको X-रे मेसिन कर्मचारी अभावमा हाल सम्म सञ्चालनमा नआएकोले X-रे मेसिन संचालन गर्न नियमानुसार तलब भत्ता गाउँपालिकाबाट भुक्तानी गर्नेगरी आवश्यक प्रकृया पुरा गरी एक जना रेडियोग्राफर नियुक्त गर्ने निर्णय गरियो।

निर्णय नं.-२. सडक निर्माणमा अपुग भएको रकम थप सम्बन्धमा ।

वडा नं.-२ महेश्वरीको शिशु मा.वि. - भेडुवोल्ना सडक निर्माण योजनामा विनियोजन भएको रकम बाट उक्त ~~सडक~~ सडक निर्माण कार्य सम्पन्न नभएकोले सो सडक निर्माण पुरा गराउन लाग्ने रकम रु. २,००,०००।- (दुई लाख) पुँजिगत विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.-३, प्रसुती केन्द्र मर्मत सम्बन्धमा ।

यस गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क मा बाढ हुई बहड वाइड बिच मिति २०७८ कार्तिक ३० मा भएको खण्डीता जोखिम प्रसुति केन्द्र मर्मत गर्न कुल रकम मध्ये ४४.६५% ले हुन आउने रकम रु. ३,९६,५४१।- रकम गाउँपालिकाको सम्पुरक कोषबाट खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.-४. मिति २०७८/१०/२२ को निर्णय नं. ३ परिवर्तन सम्बन्धमा।

यस गाउँपालिकाको वडा नं.-१ मा चालु आ.व. मा त्रिवेदेव - वडा कार्यालय सडक निर्माण को

Page No.:
Date :

२ देविधाम-वडा कार्यालय सडक निर्माण शीर्षकमा परिवर्तन गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.- ५, कामको लागि खाद्यान्न कार्यक्रमको लागि आ.व. ०७६/०७७ को कार्यक्रम माग सम्बन्धमा

यस ग्रामीण सामुदायिक पूर्वाधार विकास कायृक्रम यस खोटाङ जिल्लामा आ.व. २०६७/०६८ बाट विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा **कामको लागि खाद्यान्न कार्यक्रम** सञ्चालनमा रहेकोमा हाल नेपाल सरकार मार्फत **कामको लागि नगद कार्यक्रम** यस गाउँपालिकाको विभिन्न वडाहरुमा सञ्चालन हुदै आएकोमा विभिन्न सडक योजनाहरु हाल क्रमागत रहेको साथै पिछडिएका बस्तीहरुमा पनि साना आर्यआर्जनका योजनाहरु मर्फत नगदे बालीहरुको विकास गर्दै खाद्य सुरक्षामा पहुँच पुऱ्याउने हुदा आगामी आर्थिक वर्ष ०७६/०७७ मा पनि यो कार्यक्रमलाई निरन्तरताका लागि तपसील बमोजिमको बजेट व्यबस्थापन गरि दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारमा पेश गर्ने निर्णय गरियो ।

**कार्यक्रम**

| सि.नं. | विवरण | ईकाइ | लक्ष्य | ०७६/०७७ को लागि प्रस्तावित वजेट |
|---|---|---|---|---|
| १. | स्थानीय निकाय तथा सर्सत चालु अनुदान | | | रु.७,५०,०००।- |
| २. | ग्रामीण सडक | कि.मि. | ३ | रु.२३,००,०००।- |
| ३. | जीविको पार्जन तथा आय आर्जन बृद्धिका अन्य क्रियाकलाप | वटा | ५ | रु.१८,००,०००।- |
| | **जम्मा** | | | **रु. ४८,५०,०००।- (अक्षेरुपी अड्चालिस लाख पचास हजार मात्र)** |

निर्णय नं- ६, गाउँपालिका स्तरीय कृषि समितिमा सदस्य थप सम्बन्धमा।

रोलेन्चुरेले गाउँपालिका स्तरीय कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम पालिका स्तरीय कृषि विकास समितीमा तपसिल बमोजिमका सदस्यहरु थप गर्ने निर्णय गरियो।

तपसिल

१, गाउँ कार्यपालिकाको महिला सदस्य → हिरा लघु तामाङ
२, दलित तथा अल्पसंख्यक सदस्य → लक्ष्मी वि.क.

निर्णय नं- ७, पालिका स्तरीय खेल मैदान निर्माण सम्बन्धमा।

यस गाउँपालिकाको पालिका स्तरीय खेल मैदान निर्माणको लागि वडा नं. ३ स्थित घर्ती डाँडा (भेडनटी धार नामको स्थान) मा २५ रोपनी जग्गा गोपाल राजभण्डारी स्वेच्छिक जग्गा दाताले निःशुल्क उपलब्ध गराउने भएकोले तत्काल जग्गा प्राप्तीको प्रकृया अगाडि बढाउने र सो स्थानमा सडक पुर्याउनको लागि समेत प्राविधिक स्टिमेट अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं- ८, कार्यविधि पास सम्बन्धमा

यस गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि - २०७६ पास गर्ने निर्णय गरियो।